☎ ०७८-५४०१७०
०७८-५४१११६

# कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.स. :०७७/०७८
च.नं. :

शिवमन्दिर, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल।

**प्रथम पटक प्रकाशीत मिति २०७८/०३/०३**

कावासोती नगरपालिका भित्र रहेको केरुङ्गे खोलामा आएको बाढीको प्रभाव तथा जोखिमलाई न्युनीकरणका लागि विशेष परिस्थितिमा खोलालाई च्यानालाईज गरी निस्कने नदीजन्य पदार्थको घाटगद्दी गर्नका लागि देहायका शर्तहरुको अधिनमा रहि दरभाउ पत्र आह्वानका लागि यो सुचना प्रकाशन गरिएको छ।

**शर्तनामाहरु**

१. कबोलकर्ताले कम्तीमा १० दिनको लागि न्यूनतम २ वटा एक्साभेटर र ६ वटा Hiwa वा सो सरहबाट नगरपालिकाले तोकेको बीचको एक तिहाई स्थानमा नदी च्यानलाईज र तोकीएको स्थानमा घाटगद्दी गर्नुपर्नेछ।

२. कबोलकर्ताले कबोल गर्दा भाडा खर्च, इन्धन खर्च, ड्राइभर खर्च, भत्ता, ढुवानी खर्च, लेबर खर्च लगायतका सम्पूर्ण खर्च समावेश हुने गरि एकमुष्ठ एकाई दररेट पेश गर्नुपर्नेछ।

३. च्यानलाईज गर्ने र घाटगद्दी गर्ने कार्य हरेक दिनको सूर्योदय देखि सुर्यास्त सम्म उठाउने समय रहनेछ।

४. नगरपालिकाबाट खटिएका प्रतिनिधिलाई प्रत्येक टिपको हस्ताक्षर गरि अभिलेख राख्नुपर्नेछ र सोही बमोजिम भुक्तानी प्रकृया अगाडी बढाइने छ।

५. दर रेट पेश गर्दा फर्म दर्ता, नविकरण, करदर्ता प्रमाण पत्र र आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र समेत संलग्न गरि पेश गर्नुपर्नेछ।

६. बैङ्क जमानत/धरौटी बापत रु १,००,०००।- (अक्षरुपी एक लाख मात्र) राष्ट्रिय वाणिज्य बैकमा रहेको कावासोती नगरपालिकाको धरौटी खाता नं. ३२००१००३०३००००००३ मा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ।

७. दरभाउ बोलपत्र खरिद बापत रु ३०००।-(अक्षरुपी तीन हजार मात्र) राष्ट्रिय वाणिज्य बैकमा रहेको कावासोती नगरपालिकाको राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा जम्मा

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

☎ ०७८-५४०१७०
०७८-५४१११६

# कावासोती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल।

प.स. :०७७/०७८
च.नं. :

गरी सक्कल भौचर वा कावासोती नगरपालिकामा नगद जम्मा गरी सक्कल रसिद पेश गर्नुपर्नेछ।

८. सम्बन्धित प्याकेजमा कार्य गर्दा विपद्को जोखिम हेरी नगरपालिकाले तोकेको स्थान प्याकेज अन्तर्गतको स्थानमा कार्य गर्नु पर्नेछ।

९. नदीजन्य पदार्थ उठाउने स्थान / प्याकेज अनुसार देहाय बमोजिम हुनेछ।

**तपिशल**

| क्र.स. | आय ठेक्का नं. | ठेक्काको विवरण | कैफियत |
|---|---|---|---|
| 1 | REV/KM/NCB/05/077-78 | पुर्व पश्चिम राजमार्ग देखि दक्षिण मध्यवर्तीको सिमाना सम्म घाट गद्दी गर्ने स्थान कावासोती नगरपालिका वडा नं. ९ को प्रस्तावित खेल मैदान निर्माण स्थल | अधिकतम कबोल दररेट ३।२१ (भ्याट बाहेक) |
| 2 | REV/KM/NCB/06/077-78 | पुर्व पश्चिम राजमार्ग देखि उत्तर शिवमन्दिर स्वास्थ चौकी पश्चिमको निर्माणाधिन पुल सम्म घाटगद्दी गर्ने स्थान कावासोती नगरपालिका वडा नं. ३ को निर्धारित स्थान। | |
| 3 | REV/KM/NCB/07/077-78 | शिवमन्दिर स्वास्थ चौकी पश्चिमको निर्माणाधिन पुल देखि उत्तर झोलुङ्गे पुल सम्म घाटगद्दी गर्ने स्थान कावासोती नगरपालिका वडा नं. ४ र ५ को खेलमैदान पछाडी स्थल। | |
| 4 | REV/KM/NCB/08/077-78 | हात्तीखोर खण्ड (झोलुङ्गे पुल देखि उत्तर ) घाटगद्दी गर्ने स्थान कावासोती नगरपालिका वडा नं. १ को निर्धारित स्थान। | |

१०. इच्छुक दरभाउपत्रदाताले मिति २०७८/३/६ गते दिनको १२ बजे सम्म खरिद गरि सोही दिनको २ बजे भित्र पेश गर्नु पर्नेछ।

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner